# झिमरुक गाउँपालिकाको आ.ब. २०८०/०८१ को बजेट

## आय-व्ययको सार्बजनिकिकरण तथा बजेट बक्तब्य

## झिमरुक गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## भ्यागुते, प्यूठान
## लुम्बिनी प्रदेश,नेपाल
## १० असार २०८०

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु, राष्ट्रसेवक कर्मचारी तथा शिक्षकहरु, पत्रकारज्यूहरु, सुरक्षाकर्मीहरु, तथा उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. नेपालको संविधान जारी भई राज्यको पुर्नसंरचना पश्चात दोस्रोपटक भएको निर्बाचन पछिको दोस्रो पटक झिमरुक गाउँपालिकाको गरिमामय गाउँसभामा गाउँपालिकाको उपाध्यक्ष तथा वजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले आर्थिक बर्ष २०८०/०८१ को बार्षिक बजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न पाउँदा गौरबान्वित महशुस गरिरहेको छु ।

२. लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि नेपाली जनताले गरेका विभिन्न आन्दोलनलाई स्मरण गर्न चाहन्छु । यस अवसरमा विभिन्न कालखण्ड हुँदै समाजबाद उन्मुख लोकतान्त्रिक गणतन्त्रात्मक राज्य स्थापना, नेपालको उन्नती, प्रगति तथा समृद्धिका लागि संघर्ष गर्ने क्रममा आफ्नो ज्यानको बलिदान गर्ने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दै घाइते तथा अपाङ्ग एवं वेपत्ता भएका परिवारजन प्रति उच्च सम्मान एवं सहानुभूति प्रकट गर्दछु । राष्ट्रियता राष्ट्रिय हित एवं जनजिविका र न्यायपूर्ण संघर्षको नेतृत्व गर्नुहुने अग्रजहरु प्रति उच्च सम्मान प्रकट गर्दै नेपाली समाजको रुपान्तरणमा सहयोग पुर्याउनुहुने सबैको योगदानको स्मरण गर्न चाहन्छु ।

३. संघिय लोकतान्त्रीक गणतन्त्रात्मक व्यवस्थाको माध्यमद्धारा दीगो शान्ति, विकास र समृद्धि मार्फत समाजबाद उन्मुख अर्थतन्त्रको विकास गर्ने संबैधानिक मार्गदर्शन अनुरुप नयाँ संरचनाको रुपमा स्थापित स्थानिय तहले पाँच वर्षभन्दा बढी कार्यकाल पूरा गर्दै गर्दा नीति तथा कानून निर्माण, संस्थागत संरचनागत प्रवन्ध, जनशक्ति व्यवस्थापन, पूर्वाधार विकास, सुशासन प्रवर्द्धन लगायतका क्षेत्रमा महत्वपूर्ण उपलब्धिहरु हासिल भएका छन् तथापी गर्नुपर्ने कार्य तथा जन आकाङ्क्षा अझ बढी छन् । नेपालको संविधानले स्थानीय तहलाई प्रदान गरेका अधिकारहरुको पूर्ण कार्यान्वयन मार्फत आम नागरिकलाई खुसि र सुखी बनाउँदै समृद्ध, सुन्दर तथा सु-संस्कृत गाउँपालिका निर्माण गर्न हामी निर्बाचित जनप्रतिनिधिहरु सधै प्रतिबद्ध रहने विश्वास सम्पुर्ण झिमरुकबासीलाई दिलाउन चाहन्छौं ।

४. अबको हाम्रो शत्रु भनेकै भोक, रोग, गरिवी, पछ्यौटेपन, अशिक्षा, अन्धविश्वास नै हो । त्यसलाई चिर्दै समुन्नत र समृद्ध झिमरुक गाउँपालिका बनाउन हामी जन निर्बाचित प्रतिनिधिहरु सक्षम हुनेछौं । हामीले जनताको सेवा गर्ने सौभाग्य प्राप्त गरेका छौं । अत: एकताका साथ अगाडी बढ्दै "हाम्रो झिमरुक -राम्रो झिमरुक" भन्ने नारालाई सार्थक बनाउनु हामी सबैको साझा दायित्व हो ।

५. जनचाहान छिटो र एकैपटक धेरै विकास भैदियोस भन्ने हुन्छ तर साधन-स्रोतको सिमितताले असिमित आवस्यकता एकैपटक पुरा गर्न सम्भव हुदैन तसर्थ योजनाहरुको प्राथमिकीकरण गर्दै सबै बर्ग क्षेत्र समेट्ने गरी सन्तुलित विकासको अबधारणा अनुरुप वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

६. बजेट तर्जुमाको क्रममा नेपालको संविधान, विद्यमान ऐन र नियम, स्थानीय सरकार संचालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यावस्थापन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, विद्यमान संघिय, प्रादेशिक तथा स्थानीय तहको दीर्घकालीन सोच, संघीय पन्ध्रौ योजना (आ.व.२०७६/०७७-२०८०/०८१) र प्रादेशिक प्रथम आवधिक योजना (आ.व.२०७६/०७७-२०८०/०८१), दिगो विकासका लक्षहरु, संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग निर्देशन, स्थानीय तहको प्रमुख समस्या र सम्भावना, स्थानीय तहमा सहभागी राजनितिक दलहरुका घोषणापत्रहरु, उपलब्ध स्रोत र साधनहरु, झिमरुक गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरु, राजनैतिक दलहरु, विभिन्न संघ, संस्था, राष्ट्रसेवक कर्मचारी, नागरीक समाज, बुद्धिजीवि, पत्रकार र झिमरुक गाउँपालिकाका आदरणीय आमावुवा, दिदीवहिनी, दाजुभाइहरुबाट प्राप्त रचनात्मक सुझावहरु, जनसहभागितामा आधारीत योजना तर्जुमाको नीति अनुरुप बस्ती/टोलस्तरबाट छनौट गरिएका आयोजना/ कार्यक्रम,वडास्तरीय आयोजना

/कार्यक्रमको प्राथमिकिरण र बजेटसँग सम्वन्धित विभिन्न विषयगत समितिहरुले पेश गरेका प्रतिवेदन समेतलाई केन्द्रविन्दुमा राखि बजेट निर्माण गरेको छु ।

७. बार्षिक बजेट तथा कार्यक्रम झिमरुक गाउँपालिकाले अवलम्बन गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने महत्वपुर्ण कडीको रुपमा रहेको व्यहोरा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । संघीय र प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरीक आयको अवस्था समेतको आधारमा रही बजेट निर्माण गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

उपलब्ध स्रोत साधन र विभिन्न सम्भावनाको बावजुत यस गाउँपालिकामा देहायमा चुनौतिहरु विद्यमान छन् ।

- विपन्न गरिव परिवारलाई खाद्य संकटबाट मुक्त गराउनु,
- गाउँपालिकाले आफ्नो आन्तरीक स्रोतको सम्भाव्यताका आधारमा राजश्व संकलन गर्नु ,
- भवन संहिताको प्रभावकारी कार्यान्वयन गरी सुरक्षित घर निर्माण गर्नु,
- समाजमा बढ्दो रुपमा रहेको मद्यपान/ लागु औषध दुर्व्यसनीलाई नियन्त्रण गर्नु,
- गाउँपालिकाभित्रका सम्पुर्ण सडकलाइ तोकिएको मापदण्ड वमोजिम फराकिलो र व्यवस्थित गरि हरित सडकको रुपमा विकास गर्नु,
- कृषिको आधुनिकिकरण तथा व्यवसायिकरण गरी गरिबी तथा बेरोजगारी समस्यालाई न्यूनिकरण गरी आत्मनिर्भर गाउँपालिकाको निर्माण गर्नु, सरकारी/सार्वजनिक जग्गाहरुको संरक्षण गर्नु ,

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

उपरोक्त चुनौतीहरुको बावजुत गाउँपालिकाबासीको समृद्धिको सपना साकार पार्नु हाम्रो दायित्व हो ।उक्त दायित्व पूरा गर्न आ.व. २०८०/०८१ को बजेटका देहायका उद्देश्यहरु रहेका छन् ।

- बेरोजगार युवा युवतिहरुलाई रोजगारीको अवसर सिर्जना गर्ने
- गाउँपालिकाको विकासमा जनतालाई सहभागिता र अपनत्वको महसुस गराउने
- जनताको माग र गाउँपालिकाको प्राथमिकता बमोजिम विकास व्यवस्थापन गर्ने
- सुशासन र सुरक्षाको प्रत्याभुति दिलाउने
- सूचना प्रविधिको विकाससँगै शिक्षा र स्वास्थ्य क्षेत्रमा गुणस्तर सुधार गर्ने
- सेवा प्रवाहलाई सरलिकृत र चुस्त वनाउने
- निर्वाहमुखि कृषि प्रणालिलाई व्यवसायिक कृषि प्रणालिको रुपमा विकास गर्ने
- उद्यमशील कृषि र पशुपंक्षीजन्य उत्पादनमा आत्मनिर्भर बनाउन सहयोग गर्ने
- प्राविधिक शिक्षा र सिपमुलक तालिमको माध्यमबाट स्वरोजगार बनाई जनताको जिवनस्तर सुधार गर्ने
- जनतालाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने

यी उदेश्यहरु हासिल गर्नका लागि निम्नानुसार प्राथमिकता प्राप्त क्षेत्रहरुमा रकम विनियोजन गरेको छु ।

- सामाजिक विकास क्षेत्र — सामाजिक सुरक्षा तथा संरक्षण, युवा तथा खेलकुद, खानेपानी तथा सरसफाई, भाषा तथा संस्कृति, शिक्षा, स्वास्थ्य, लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण।
- आर्थिक विकास क्षेत्र — कृषि, उद्योग, पर्यटन, सहकारी, जलस्रोत तथा सिंचाई, पशुपन्छी विकास, भुमि व्यवस्था।
- पूर्वाधार विकास — यातायात पुर्वाधार, भवन, आवास तथा सहरी विकास, उर्जा।
- सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र — शासन प्रणाली, कानुन तथा न्याय, शान्ति तथा सुव्यवस्था, श्रम तथा रोजगारी, योजना तर्जुमा र कार्यान्वयन, बातावरण तथा जलवायु, विपद् व्यवस्थापन, मानव संसाधन विकास।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अब म यिनै चुनौति, उदेश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार गरीएको आगामी आर्थिक वर्ष २०८०/०८१ को वजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

**चालु आ.व को नीति तथा कार्यक्रमको समिक्षा**

१. विकास तथा सुशासनका लागि कानूनी आधार तयार गर्ने सिलसिलामा आवश्यक नीति, ऐन, कार्यविधि, मापदण्ड, निर्देशिका, मार्गदर्शन निर्माण भई कार्यान्वयनमा आएका छन् ।अन्य आवश्यक कानूनहरु निर्माणको क्रममा रहेका छन् ।

२. आ.व २०७८/७९ मा स्थानीय तह स्वमुल्याङ्कन वाट ६३.७५ अंक प्राप्त भएको छ ।यस आ.व मा सो भन्दा वढी अंक लिने गरी कार्य भई रहेको छ । सुशासन कायम गर्न गुनासो सुन्ने अधिकारी र सूचना अधिकारीको व्यवस्था गरिएको छ ।सार्वजनिक महत्वको सुचना ३/३ महिनामा स्वतः सार्वजनिक गर्ने गरीएको छ ।

३. चालु आर्थिक वर्षमा भौतिक पूर्वाधार भवन, सडक,खानेपानी,सिचाई,झोलुङ्गेपुलहरु आदी संरचनाहरुको निर्माण भएको छ । चालु आर्थिक वर्षमा स्वास्थ्य तथा शिक्षाका सूचकहरु पनि उत्साहजनक रहेका छन् ।

४. चालु आर्थिक वर्षको जेठ मसान्तसम्म संघिय सरकारबाट ३१ करोड ९२ लाख ११ हजार ३ सय २४, प्रदेश सरकारबाट ३ करोड ३५ लाख १८ हजार १ सय १२, संघ तथा प्रदेशको राजश्व बाँडफाँडबाट ४ करोड ९४ लाख ९८ हजार ६ सय ६१, बैक मौज्दात सहित आन्तरीक स्रोत ६ करोड २० लाख ५६ हजार ७ सय ३८ गरी २०८० जेठ मसान्त सम्मको यथार्थ आम्दानी ४६ करोड ४२ लाख ८४ हजार ८ सय ३५ भएको छ ।

५. माथि प्रस्तुत गरिएको आम्दानीबाट २०८० जेठ मसान्त सम्म चालु खर्च तर्फ २४ करोड ८१ लाख ११ हजार ३ सय ८५ र पूँजिगत खर्च तर्फ ५ करोड ८३लाख ९० हजार ५ सय २७ यथार्थ खर्च भएको अवस्था रहेको छ ।

६. आ.व. २०७९/८० को जेठ मसान्तसम्म न्यायिक समितिमा ३१ वटा र गत वर्षका ९ गरी जम्मा ४० उजुरी/निवेदनहरु मध्ये २७ वटा उजुरी / निवेदन सुनुवाई भई २४ वटा उजुरी निवेदनको न्याय निरुपण गरी किनारा लगाईएको छ ।जसमा २१ वटा मेलमिलाप र ३ वटा निर्णय सिफारीस भएका छन ।झिमरुक गाउँपालिकाका सवै वडाहरुवाट सहभागिता हुने गरी ३० जना मेलमिलाप कर्ता उत्पादन गरीएको छ ।

७. यस अवधिमा गाउँसभा १,कार्यपालिका वैठक १३,कर्मचारी वैठक ७ वटा, विपद व्यवस्थापन कोष सञ्चालन समिति वैठक ३ गरी जम्मा २४ वटा वैठक सम्पन्न भएका छन ।

८. झिमरुक गाउँपालिकाको समृद्दीको लागी विभिन्न क्षेत्रगत विज्ञ सहित विभिन्न सरोकारवालाहरुको उपस्थितिमा वृहत कार्यशाला गोष्टी सम्पन्न भएको छ ।

९. यस आ.व को जेठ मसान्त सम्म घ वर्ग ईजाजतपत्र/नयाँ प्राईभेट फर्म/संस्था/व्यवसाय गरी जम्मा २४ वटा दर्ता भएका छन् ।

१०. संघिय सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने विपन्न नागरीक औषधी उपचार सहायता सिफारीस २५ जनालाई गरीएको छ ।

११. यस आ.व मा सामाजिक सुरक्षा तर्फ जेष्ठ नागरीक, विधवा, अपाङ्ग र दलित वालवालिका गरी जम्मा ३३८७ जनाले सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका छन् ।यस अवधीमा जन्म,मृत्यु,विवाह वसाईसराई र सम्वन्ध विच्छेद सम्वन्धी व्यक्तिगत घटना ५७१२ वटा दर्ता भएका छन् ।

१२. यस आ.व मा उपभोक्ता समिति मार्फत ५७२ र ठेक्का मार्फत १० गरी जम्मा योजना ५८२ वटा योजना संझौता भएका छन भने कार्यान्वयन भएका योजना मध्ये ३१७ वटा भुक्तानि को लागी प्राप्त भएका छन ।

१३. गाउँपालिका स्तरमा १५ शैयाको अस्पतालको सबै प्रक्रिया पुरा भई निर्माण कार्य अगाढी वढेको छ । बहुवर्षिय आयोजनाको रुपमा रहेको चिस्यान केन्द्रको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

१४.समपुरक योजना अन्तर्गत झिमरुक रिङ्गरोड योजना,चौके कम्दले मोटर बाटो, ढाँड स्याउलिघारी दिहाल्न मोटर बाटो, ढाँड-गब्दी-तुसारा मोटर वाटो, ढाँड-बाँदिकोट-देउराली मोटर बाटो , चिसाबाँङ्ग नेटा वडाकार्यालय जाने मोटरबाटोको स्तरउन्नतिको कार्य भई रहेको छ । दिहाल्ना-रुमघास खानेपानि निर्माण सम्पन्न हुने चरणमा रहेको छ । साहुखुट्टा झोलुंगे पुल निर्माण कार्य भईरहेको छ ।

१५. सुरक्षित खानेपानीको प्रयोग सम्वन्धी वडा स्तरिय अभिमुखिकरण कार्यक्रम ८ वटै वडामा सम्पन्न भएको छ । जसमा २३२ जनाको सहभागिता रहेको छ।

१६. विद्यालयहरुको भौतिक पूर्वाधार विकासलाई प्राथमिकतामा राखि श्री सीता मा.वि.झिमरुक –७ मा ४ कोठे भवन तथा श्री प्रभात मा.वि.झिमरुक-३ र श्री ने.रा.मा.वि.झिमरुक-५ मा २ र ३ कोठे भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

१७. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने कार्यलाई निरन्तरता दिन श्री ने.रा.मा.वि.झिमरुक-६ र श्री कमेरपानी आ.वि.मा ICT प्रयोगशाला तथा श्री सर्वोदय मा.वि.झिमरुक-२ मा विज्ञान प्रयोगशाला र श्री बलभद्र मा.वि.झिमरुक-२ मा पुस्तकालय स्थापना तथा सञ्चालन गरिएको छ।

१८. युवा प्रतिभाहरुलाई खेलमा आकर्षित गरी यसको माध्यमबाट गाउँपालिकाको प्रतिष्ठालाई उचाईमा पुर्याउन पालिकास्तरीय राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिता सम्पन्न भएको छ।

१९. आधारभूत तह (कक्षा १-८) सम्मको झिमरुक गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माण (हाम्रो झिमरुक) को कार्य सम्पन्न भएको छ।

२०. मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमबाट गत वर्ष विपदका कारण भौतिक क्षति भएका ११ वटा विद्यालयहरुको मर्मत संभार गरिएको छ।

२१. वार्षिक ३७०० छात्रा तथा दलित विद्यार्थीहरुले छात्रवृत्ती प्राप्त गरेका छन्।

२२. कक्षा ६ देखि १२ सम्मका छात्रा विद्यार्थीहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था गरिएको छ ।

२३. लघु उद्यम विकास कार्यक्रम मार्फत उद्यमीहरुको पहिचान गरी विभिन्न सीप विकास सम्वन्धी तालिम १४४ जनालई प्रदान गरिएको छ ।

२४. ५०प्रतिशत अनुदानमा ३१.५ क्विन्टल मकैको बिउ २८९ कृषकहरु लाइ बितरण गरिएको छ । ५० प्रतिशत अनुदानमा १४६ क्विन्टल आलुको बिउ १२८ वटा कृषि तथा पशु पन्छी फर्म/समुह लाइ वितरण गरिएको छ ।

२५. झिमरुक गाउँपालिकाको वडा न ८ मा स्मार्ट कृषि कार्यक्रम संचालन भइरहेको छ ।

२६. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत तर्जुमा भएका ५६ योजनाहरुमा सुचिकृत वेरोजगारहरु मध्ये १७८ जनाले काम गरीरहेका छन ।

२७. यस आ.व मा विपद व्यवस्थापन कोष वाट विभिन्न विपदजन्य घटनावाट प्रभावित ३७ जना व्याक्तिहरुलाई राहत रकम उपलव्ध गराईएको छ ।

२८. वहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत ८ वटै वडाका १६० जना सुनौलो हजार दिनका आमाहरुलाई ५ वटाका दरले ८०० कुखुरा चल्ला वितरण गरिएको छ ।

२७.बृहत आँखा शिविरको आयोजना गरी आँखा रोगको उपचार र मोतियाविन्दुको शल्यक्रिया कार्यक्रम सम्पन्न गरिएको छ ।जसमा जम्मा १०१६(महिला ५६७ र पुरुष ४४९) जनाले स्वास्थ्य जाँच गराएका थियो।

२८. झिमरुक गाउँपालिका र प्रदेश स्वास्थ्य निर्देशनालय रासि दाङको सहकार्यमा निशुल्क विशेषज्ञ स्वास्थ्य शिविर संचालन गरि विभिन्न रोगहरुको स्वास्थ्य परिक्षण गरिएको थियो जसमा जम्मा ९७० जनालाइ स्वास्थ्य सेवा प्रदान गरिएको थियो ।

२९. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका क्यान्सर रोगि र मेरुदण्ड विरामीलाई औषधि उपचार बापत १९ जनालाइ मासिक खर्च उपलब्ध गराइरहेको छ ।

३०. झिमरुक गाउँपालिकामा वसोवास गर्ने ६० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकहरु, महिला स्वास्थ्य स्वयम् सेविकाको लागि प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारवाट औषधी उपचार तथा अप्रेशन निशुल्क रुपमा उपलब्ध गराइएको छ जसमा यस आ.व.को हाल सम्म ३०६जनाले उपचार सेवा प्राप्त गरिसकेका छन् ।

३१. झिमरुक गाउँपालिकामा रहेका विपन्न परिवारका लागि निशुल्क स्वास्थ्य विमा कार्यक्रम अन्तर्गत ८ वटा वडका ८० जनालाइ स्वास्थ्य विमा गरिएको छ ।

३२.झिमरुक गाउँपालिका भित्र गर्भवती महिलाहरुका लागी प्रसुती सेवा लिँदा लाग्ने यातायात खर्च गाउँपालिका आफैले तिरिदिने प्रवन्ध मिलाइएको छ जस अन्तर्गत चालु आ.व को हाल सम्म जम्मा २१३ जना गर्भवति महिलाको यातायात खर्च गाउँपालिकाबाट भुक्तानी गरिएको छ ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु**

आर्थिक, सामाजिक रुपान्तरणका माध्यमबाट विद्यमान गरिवी, असमानता तथा वेरोजगारीको अन्य गर्दै स्वास्थ्य, समृद्ध, आधुनिक तथा सुन्दर गाउँपालिका निर्माण गर्ने दिर्घकालिन सोच पुरा गराउन आ.व २०८०/०८१ को गाउँपालिकाको बार्षिक वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहन्छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु**,

अव म झिमरुक गाउँपालिकाको आ. व. २०८०/०८१ को लागि विषय क्षेत्रगत विनियोजन तथा कार्यक्रमको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

**आर्थिक विकास क्षेत्र**

आर्थिक विकास विना दिगो र सन्तुलित विकास सम्भव छैन भन्ने कुरालाई मध्यनजर गर्दै कृषि, पशुपन्छी, पर्यटन, सिंचाइ लगायतका क्षेत्रमा प्राथमिकताकासाथ बजेट विनियोजन गरिएको छ । आर्थिक विकासका मुख्य क्षेत्र कृषि, उद्योग, पशुपन्छी विकास, पर्यटन, सिंचाइ लगायका क्षेत्रमा रु ४ करोड ३५ लाख ३२ हजार वजेट विनियोजन गरेको छु ।

**कृषि तथा पशुपन्छी विकास**

१.कृषकहरुलाई ५० प्रतिशत अनुदानमा च्याउ, टि पि एस आलुको विया, तरकारीको विउ वितरणका लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

२. झिमरुक गाउँपालिका वडा न १ र ४ मा ५० प्रतिशत अनुदानमा मिनिटिलर खरिदका लागि रु ७ लाख ६० हजार विनियोजन गरेको छु ।

२. गाउँपालिकाले तोकेका कृषिबालीहरुको बजारीकरण तथा कृषि व्यवसायलाई व्यवसायीकरण गरि गाउँपालिकालाई कृषिमा आत्मनिर्भर बनाउने नीति कार्यान्वयनका लागि रु ७० लाख रकम विनियोजन गरेको छु ।साथै कृषकले उत्पादन गरेका कृषि उपजहरुलाई गाउँपालिकामा निर्माण भएको चिस्यान केन्द्रमा राख्दा लाग्ने शुल्कको ५० प्रतिशत रकम अनुदान उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

३. आर्थिक वर्ष २०७७/७८ देखि संचालित स्मार्ट कृषि गाँउ कार्यक्रमलाई निरन्तरता दिएको छु ।जसका लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

४.कृषि क्षेत्रमा देखिने विभिन्न रोग तथा किराहरु, मौषमका कारण हुने बालीको क्षतीबाट कृषकहरुलाई राहत उपलब्ध गराउन आकस्मिक बाली संरक्षणका लागि रु ३ लाख ५० हजार रकम विनियोजन गरेको छु ।

५. पशु विकास तर्फ आन्तरीक र बाह्य परजिवि नियन्त्रणका लागि औषधि वितरण, पशु स्वास्थ्य शिविर संचालन, पशुपन्छी विपद् कोषको स्थापना गर्नको लागी रु १५ लाख वजेट विनियोजन गरेको छु ।

६. झिमरुक गाउँपालिका भित्रका उत्कृष्ट व्यावसायीक अगुवा कृषकहरुलाई सम्मान गर्नको लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

७. झिमरुक गाउँपालिका स्तरीय नमुना कृषि फर्ममा स्थलगत तालिम, कृषक पाठशाला, कार्यक्रमका लगि आवस्यक वजेटको व्यवस्था गरेको छु ।

६. पशुपालक कृषकहरुका लागि तालीम, घाँसको विउ वितरण कार्यक्रमको लागि आवस्यक बजेट विनियोजन गरेको छु।

७.खाद्यान्न बालीको उत्पादन बृद्धि गर्नको लागि ५० प्रतिशत अनुदानमा उन्नत विउ (धान र गहुँ) वितरणको लागि रु ७ लाख ३६ हजार रकम विनियोजन गरेको छु ।

८.कृषकहरुलाई मकै बालिको उत्पादनमा प्रोत्साहन गरी उत्पादकत्व बृद्धि गर्नको लागि मकै प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु १० लाख ३९ हजार रकम विनियोजन गरेको छु ।

९. तरकारीमा कृषकहरुलाई आत्मनिर्भर बनाई आय आर्जन बृद्धि गर्नको लागि तरकारी प्रबर्द्धन कार्यक्रम अन्तर्गत रु १० लाख बजेट विनियोजन गरेको छु ।

**घरेलु, साना उद्योग तथा उद्यम विकास**

१.घरेलु, साना तथा मझौला उद्योगलाई संरक्षण गरी स्थानीय कच्चा पदार्थ र श्रममा आधारीत उत्पादन प्रणालिलाइ विकास गर्न उद्योग क्षेत्र अन्तर्गत रु २३ लाख बजेट विनियोजन गरेको छु ।

**पर्यटन विकास**

१. आन्तरिक तथा बाह्य पर्यटक प्रवर्द्धन गर्न जोड दिने नीति अनुरुप पर्यटकिय क्षेत्रको पूर्वाधारहरुको विकास गर्न आवस्यक रकमको व्यवस्था गरेको छु ।

२.बाँदिकोट मैदानदेखी बाँदिकोट ओखरकोट खड्क देवता मन्दिरसम्म पदमार्ग निर्माणका लागि प्रदेश सरकारको समपुरक अनुदान सहित रु ५० लाख बजेट विनियोजन गरेको छु

३. झिमरुक गाउँपालिका वडा न २ हरीयापोखरी —गडीकोट पर्यटन पदमार्ग निर्माण वडा न ४ मा चुधारा चिचिन्डे पदमार्ग निर्माण तथा वडा न ८ मा भ्यूपार्क निर्माणका लागि रु ६ लाख ५० हजार वजेट विनियोजन गरेको छु ।

**सहकारी**

१.झिमरुक गाउँपालिका भित्र स्थापना भई सञ्चालनमा आएका सहकारीहरुको वित्तिय पहुँच विस्तार, सामाजिक र आर्थिक सशक्तिकरण र उत्पादशिल क्षेत्रमा सहकारी संस्थालाई परिचालन गर्न आवस्यक अनुगमन, नियमन गरी सहकारी क्षेत्रको क्षमता विकास तथा सहकारी क्षेत्रको पूर्वाधार निर्माणको लागि २२ लाख रकम विनियोजन गरेको छु ।

**जलस्रोत र सिंचाई**

१.सिंचाइ सुविधाको व्यवस्था गरी कृषि तथा वेमौसमी खेती गर्नका लागि विभिन्न सिंचाई कुलो निर्माण, सिंचाइ पोखरी निर्माणका लागि रु १ करोड ३१ लाख ५ हजार रकम विनियोजन गरेको छु ।जस अन्तर्गत ९७ वटा कार्यक्रम संचालन गरिने छ।

**सामाजिक क्षेत्र**

अव म सामाजिक विकास तर्फका क्षेत्रगत कार्यक्रम तथा विनियोजन प्रस्ताव प्रस्तुत गर्न चाहन्छु ।

**शिक्षा युवा तथा खेलकुद**

१.झिमरुक -५ मच्छी बजारमा रहेको गौमुखि क्याम्पसमा अध्ययन गर्ने सम्पूर्ण विद्यार्थिहरुलाई निशुल्क अध्ययन गर्न आवस्यक वजेटको व्यवस्था गरेको छु । साथै गाउँपालिकाका सम्पुर्ण सामुदायीक विद्यालयहरुमा शिक्षक अभावको समस्या समाधान गरी शैक्षिक गुणस्तर अभिबृद्धि गर्न शिक्षक व्यवस्थापनका लागि रु ३ करोड ४५ लाख बजेट विनियोजन गरेको छु ।

२. कक्षा १ देखि ८ सम्मको स्थानीय पाठ्यक्रम (हाम्रो झिमरुक) निर्माण भई प्रमाणीकरण भईसकेकोले यसलाई क्रमशःकार्यन्वयनमा लैजान आगामी शैक्षिकसत्रमा कम्तिमा १-३ सम्मको पाठ्यपुस्तक प्रकाशन गरी पठनपाठन प्रक्रिया अघि वढाउन रु ७ लाख वजेट विनियोजन गरेको छु ।

३. युवा तथा खेलकुद संग सम्वन्धित समसामयीक कार्यक्रम व्यवस्थापन तथा खेलकुद प्रतियोगिताहरु संचालन गर्न रु १७ लाख ८० हजार वजेट विनियोजन गरेको छु ।

४.झिमरुक गाउँपालिकाका विपन्न वर्गका विद्यार्थिहरुलाई प्राविधिकधार ,कृषि, पशु एम वि वि एस अध्ययनका लागि छात्रवृति उपलब्ध गराउन रु ५ लाख वजेट विनियोजन गरेको छु ।

५.पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानसंग लागत साझेदारीमा एम वि वि एस अध्ययनका लागि दिदैं आएको छात्रबृति रकमलाई निरन्तरता दिन रु ४ लाख ३ हजार रकम विनियोजन गरेको छु ।

६.गाउँपालिका भित्रका महिला शिक्षिकाहरुका लागि सुत्केरी भत्ताको लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

७.झिमरुक गाउँपालिकाका सामुदायीक विद्यालयमा अध्ययनरत छात्राहरु महिनावारीको समयमा समेत स्वास्थ्य साबधानीका साथ सिकाइ सहजीकरणमा सक्रिय सहभागिता बृद्धि गर्नका लागि निशुल्क स्यानेटरी प्याड उपलब्ध गराउन रु १८ लाख ९४ हजार रकमको व्यवस्था गरेको छु ।

८ झिमरुक गाउँपालिकाको शैक्षिक पूर्वाधारको विकास, शैक्षिक जनशक्ति व्यवस्थापन तथा क्षमता अभिबृद्धि सिकाइ सहजिकरणमा नविनतम विधि र प्रविधिको प्रयोग गरी गुणस्तरीय र जिवननोपयोगी शिक्षाको सुनिश्चितताका लागि शिक्षा, युवा तथा खेलकुद क्षेत्रमा जम्मा रु २२ करोड १९ लाख ७० हजार बजेट विनियोजन गरेको छु

**स्वास्थ्य तथा पोषण**

१. ६० वर्ष भन्दामाथिका ज्येष्ठ नागरिकहरु र महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई निःशुल्क आखाँ उपचारका लागि प्रस्तावित नरेन्द्र गायत्री आँखा अस्पताल विजुवारमा आ.व.२०७६/७७ देखि उपचारको व्यवस्था मिलाईएकोमा आ.व २०८०/८१ मा पनि सो सुविधा उपलब्ध गराउन रु ५ लाख बजेट व्यवस्था गरेको छु ।

२. आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाका लागि सूचीकृत गरिएका अत्यावश्यक निशुल्क औषधी वितरणका लागि रु २२ लाख ६५ हजार बजेट बजेट व्यवस्था गरेको छु ।

३. नागरीक आरोग्य केन्द्रलाई प्रभावकारी रुपमा संचालन गरी आयुर्वेद पद्धती र योग अभ्यासको माध्यमबाट शारिरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि कार्यक्रम संचालन गर्न आवस्यक वजेट व्यवस्था गरेको छु ।

४. झिमरुक गाउँपालिकाभित्र सुचिकृत स्वास्थ्य संस्थाहरु र जिल्ला अस्पतालमा प्रसुति सेवा लिन जाँदा र फर्कंदा लाग्ने यातायात खर्चमा नेपाल सरकारले दिएको यातायात खर्च सुविधामा थप रकम उपलव्ध गराउन थप रु ५ लाख बजेट व्यवस्था गरेको छु ।

५. झिमरुक गाउँपालिकामा रहेका विपन्न परिवारका लागी निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिन रु ३ लाख वजेट विनियोजन गरेको छु ।

६. झिमरुक गाउँपालिका वडा न २, ५,७ मा सामुदायीक स्वास्थ्य इकाइमा पूर्वाधार निर्माणका लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

७. झिमरुक गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुमा पुर्वाधार निर्माण तथा जनशक्ति निर्माणका लागि रु ७० लाख वजेट विनियोजन गरेको छु ।

८. झिमरुक गाउँपालिका वडा न ७ को तुषारा स्वास्थ्य चौकी र वडा न ४ को बाङ्गेफेदी आधारभुत स्वास्थ्य चौकी अधुरो भवन निर्माण तथा घेरावारको लागी रु २५ लाख वजेट व्यवस्था गरेको छु ।

९. महिला, बालबालिका र किशोरीहरुमा हुने सबै प्रकारको कुपोषणको अवस्था घटाउन बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप विस्तार गरिनेछ । पोषण मैत्री नमुना टोल कार्यक्रम संचालन गर्नका लागि रु ५० लाख बजेट विनियोजन गरेको छु ।

१०. गाउँपालिकाका महिला स्वास्थ्य स्वयंसेविकाहरुको कार्य सम्पादनको उच्च सम्मान गर्दै महिला स्वस्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमका लागि रु ५ लाख ७६ हजार बजेट विनियोजन गरेको छु ।

**खानेपानी तथा सरसफाई**

१.खानेपानी तथा सरसफाई जनताको प्रत्यक्ष स्वास्थ्यसँग जोडिएको महत्वपुर्ण क्षेत्र भएकोले सो क्षेत्रको क्षमता विकास र भौतिक पूर्वाधार विकासको लागि रु १ करोड ४ लाख ६८ हजार रकम विनियोजन गरेको छु ।

**भाषा तथा संस्कृति**

१.झिमरुक गाउँपालिका भित्र रहेका विभिन्न मठ मन्दिर निर्माण/मर्मत तथा यहाँ प्रचलनमा रहेका साँस्कृतिक तथा धार्मिक कार्यक्रमहरुको संरक्षण तथा प्रवर्द्धन गर्न रु २२ लाख ६४ हजार बजेट विनियोजन गरेको छु ।

**लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१.आर्थिक, सामाजिक र शैक्षिक रुपमा पछाडी परेका महिला, दलित, आदिवासी, जनजाति अपाङ्ग, जेष्ठ नागरीक लगायतका बर्ग तथा समुदायका लागि विभिन्न कार्यक्रम संचालन गर्न रु ३६ लाख ९१ हजार बजेट विनियोजन गरेको छु ।

२. अपाङ्गता भएका व्यक्तिहरुको सम्मान, सहायता सामग्री वितरण तथा परिचय पत्र वितरणका लागि शिविर संचालनका लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

३.जेष्ठ नागरीक सम्मान, परिचयपत्र वितरणका लागि शिविर संचालन तथा जेष्ठ नागरीक कल्याणकोषको स्थापनाको लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

४.संघीय सरकारबाट प्राप्त हुने सामाजिक सुरक्षा बापतको रकम रु १२ करोड सामाजिक सुरक्षा भत्ताकैलागि खर्च हुनेछ।

५.लैङ्गिक हिंसा निवारण कोष स्थापना गरिने छ । जसका लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अब म पूर्वाधार विकास क्षेत्र तर्फ प्रस्तावित कार्यक्रम एवं विनियोजित वजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

भौतिक पूर्वाधारको विकास विना अन्य क्षेत्रको विकासले गति लिन नसक्ने कुरालाई ध्यानमा राखी यातायात पुर्वाधार, भवन, आवास तथा सहरी विकास उर्जा जस्ता विकासका पूर्वाधारलाई उच्च प्राथमिकतामा राख्दै रु ४ करोड ९५ लाख ९२ हजार बजेट विनियोजन गरेको छु ।

**यातायात पूर्वाधार**

१.यातायात पूर्वाधार अन्तर्गत सडकहरु निर्माण/मर्मत/स्तरउन्नती, घोरेटो/गोरेटो बाटाहरु निर्माण/ मर्मत/ स्तरउन्नती, झोलुङ्गेपुल निर्माणका लागी रु ४ करोड १३ लाख ८८ हजार बजेट विनियोजन गरेको छु ।

२.प्रदेश सरकारसँग समपुरक आयोजनाका रुपमा स्याउलीघारी टिमुरचौर दिहाल्ना मोटरबाटो स्तरउन्नतीका लागि रु ५० लाख,मर्कबाङ्ग चिचिन्डे कुबिन्डे मो बा-चिफ्लेटि बडाचौर बालुवा सौतामारेफेदी बिडडाँडा सडक स्तरउन्नतीका लागी रु ५० लाख वजेटको व्यवस्था गरेको छु ।

३.संघिय सरकारको समपुरक आयोजनाको रुपमा ढाँड तुषारा कुता मोटरबाटो स्तरउन्नतीको लागी रु १ करोड रकम विनियोजन गरेको छु ।

४.विभिन्न क्षेत्रहरुसँग झिमरुक गाउँपालिकाबाट पूर्वाधार क्षेत्रमा म्याचिङ्ग गरी साझेदारी विकासका क्रियाकलाप अगाडी बढाउने नीति अनुरुप म्याचिङ्ग फन्डको लागि आवस्यक वजेट विनियोजन गरेको छु ।

४. प्राथमिकताको आधारमा छनोट भएका चिसावाङ, ढाडा पिडाल्ने, वासाखोला र साहुखुट्टा सिमलचौर मा झोलुङ्गे पुलको निर्माण कार्यका लागी रु ३५ लाख बजेट विनियोजन गरेको छु ।

**भवन आवास तथा सहरी विकास**

१.कृषकले उत्पादन गरेका कृषि उपजहरुको सुरक्षित भण्डारण गरी उत्पादीत बस्तु क्षति हुनबाट रोकी कृषकको आयस्तरमा बृद्धि गर्नका लागि संघिय समपुरक आयोजनाको रुपमा चिस्यान केन्द्र भवन सम्पन्न हुने चरणमा रहेको छ ।

२. नागरीकहरुको सुरक्षित आवासको हकलाई मध्यनजर गर्दै पराल र खरको छाना भएका घर परिवारलाइ जस्तापाताको छानामुनी ल्याउने  गरि सुरक्षित नागरिक आवास कार्यक्रमको लागि रु २७ लाख वजेट विनियोजन गरेको छु ।

३.झिमरुक गाउँपालिकाका विभिन्न शौचालय, भवन तथा प्रतिक्षालय निर्माणका लागि रु ७३ लाख ५५ हजार बजेटको व्यवस्था गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु**,

अव म सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ प्रस्तावित कार्यक्रम एवं विनियोजित वजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

**सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र**

शासन प्रणाली प्रशासकीय सुशासन वित्तिय सुशासन कानुन तथा न्याय बातावरण तथा जलबायु मानव संसाधन विकास श्रम तथा रोजगारी र विपद् व्यवस्थापन समेतका क्षेत्रलाइ प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु । यस क्षेत्रका लागि कुल रकम १ करोड ७६ लाख ३७ हजार रकम विनियोजन गरेको छु ।

**शासन प्रणाली**

झिमरुक गाउँपालिका र जनता विचको सम्वन्ध र गाउँपालिकाले गरेका प्रतिवद्धतालाई जनता समक्ष प्रत्याभूत गराउने नीति अनुरुप सेवा प्रबाह सम्वन्धि घुम्ति शिविर कार्यक्रम सेवाग्राही सन्तुष्ठि सर्वेक्षण लगायतका कार्यक्रमको लागि रु ६ लाख ५ हजार विनियोजन गरेको छु ।

**कानुन तथा न्याय**

१.गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने उजुरी /निवेदन सम्वन्धि न्यायीक निरुपण गर्न विभिन्न न्यायीक कार्यक्रमको लागि २२ लाख २० हजार रकम विनियोजन गरेको छु ।

२.वडा स्तरमा मेलमिलाप केन्द्र स्थापना तथा संचालनको लागि २ लाख २० हजार रकम विनियोजन गरेको छु ।

३.मेलमिलापकर्ताहरुको लागि पुनर्ताजगि तालिम, आवस्यक कानुनी पुस्तकहरुको व्यवस्थापन,    सेवा सुविधा तथा जिल्ला सम्मेलन कार्यक्रमको लागी रु ११ लाख रकम विनियोजन गरेको छु।

**बन बातावरण तथा विपद्**

१.गाउँपालिका स्तरीय नर्सरी स्थापना, फोहमैला व्यवस्थापन तथा वृक्षारोपण कार्यक्रमको लागि रु ७ लाख ७० हजार बजेट विनियोजन गरेको छु ।

२.विपद् व्यवस्थापन सम्वन्धि पूर्व तयारी प्रतिकार्य तथा समग्र विपद्जन्य प्रकोपबाट गाउँपालिकाबासीलाई सुरक्षित गर्न उद्दार, राहत र पुनर्स्थापनाको जिम्मेवारी बहन गर्न गाउँपालिका स्तरीय आपत्कालिन केन्द्र स्थापना, विपद् सम्वन्धि सचेतनामुलक तालिम संचालन तथा विपद् व्यवस्थापनका लागि  लागी रु २२ लाख ५० हजार बजेट विनियोजन गरेको छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु**

अब म आ.व. २०८०/०८१ को राजश्व तथा स्रोत परिचालन सम्वन्धमा प्रस्ताव गरिएका व्यवस्थाहरुको विषयमा सम्मानित सभालाई जानकारी गराउन चाहन्छु ।

१. नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहलाइ प्राप्त एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको वित्तिय अधिकार क्षेत्र भित्र स्थानीय सरकारले लगाउन पाउने कर, सेवा शुल्क, दस्तुर तथा अन्य विविध आय संकलनका लागि आवस्यक व्यवस्था मिलाएको छु ।

२. कर संकलनका लागी गाउँपालिकाका विभिन्न ठाउँहरुमा घुम्ति शिविरहरु संचालन गर्ने, समयमै कर तिर्ने करदाताहरुलाई छुट दिने, असल करदातालाई सम्मान गर्ने व्यवस्था मिलाएको छु ।

३. अपाङ्गता भएका व्यक्तिहरु, जेष्ठ नागरिकहरुलाई सम्मान गर्दै तोकिएको विषयमा सिफारिस दस्तुर छुट दिने व्यवस्था मिलाएको छु ।

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु,**

अब म माथिका क्षेत्रगत नीति तथा कार्यक्रमहरु कार्यन्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अनुमानीत व्यय र स्रोत व्यवस्थापन**

आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न रु ५० करोड २ लाख २२ हजार १ सय ५० रकम विनियोजन गरेको छु ।कुल विनियोजित रकम मध्ये चालु खर्च तर्फ रु ३९ करोड २४ लाख २३ हजार १ सय ५० र पूँजिगत खर्च तर्फ १० करोड ७७ लाख ९९ हजार रहेको छ ।

**आ.व.२०८०/८१ को लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतहरुको संक्षिप्त विवरण निम्नानुसार रहेको छ ।**

| सि.न | विवरण | रकम रु |
|---|---|---|
| **१** | **नेपाल सरकारवाट प्राप्त अनुदान** | |
| क | वित्तीय समानिकरण | १००५००००० |
| ख | सर्शत अनुदान-चालु | २२२२००००० |
| ग | विषेश अनुदान-चालु | ५०००००० |
| घ | सर्शत अनुदान- पुजिगत | १०७००००० |
| ङ | समपुरक अनुदान | ५०००००० |
| च | विषेश अनुदान-पुजिगत | ७०००००० |
| | **नेपाल सरकारवाट प्राप्त अनुदान** | **३५०४००००००** |
| **२** | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | |
| क | वित्तिय समानिकरण | ७११५००० |
| ख | सर्शत अनुदान- चालु | २१५०००० |
| ग | सर्शत अनुदान- पुजिगत | ७५००००० |
| घ | समपुरक अनुदान | १०००००००० |
| | **प्रदेश सरकारवाट प्राप्त अनुदान** | **२६७६५०००** |
| ३ | प्रदेश सरकारको राजश्व बाँडफाँडवाट प्रात अनुदान | ४०९८५५० |
| ४ | नेपाल सरकारवाट राजश्व बाँडफाँड वापत प्राप्त रकम | ९६३७४६०० |
| **५** | **आन्तरिक आम्दानी** | **७५८४०००** |
| **६** | **बैक मौज्दात** | **१५००००००** |
| | **कुल जम्मा आय रकम** | **५०,०२,२२,१५०** |

**बजेटलाई निम्नानुसारका विषयगत क्षेत्रहरुमा रकम विनियोजन गरिएको छ ।**

| क्र.सं | विषयगत क्षेत्र | रकम | प्रतिशत |
|---|---|---|---|
| १ | आर्थिक विकास | ४ करोड ३५ लाख ३२ हजार | ८.७० प्रतिशत |
| २ | सामाजिक विकास | ३० करोड ४९ लाख १९ हजार | ६०.९६ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ४ करोड ४५ लाख ९२ हजार | ८.९२ प्रतिशत |
| ४ | वातावरण तथा विपद व्यवस्थापन विकास | ३० लाख २० हजार | ०.६० प्रतिशत |
| ५ | संस्थागत विकास तथा सेवा प्रबाह | १० करोड ४१ लाख ५९ हजार १ सय ५० | २०.८२ प्रतिशत |
| **५० करोड २ लाख २२ हजार १ सय ५०** | | | १०० प्रतिशत |

**गाउँसभाका अध्यक्षज्यू, सदस्यज्यूहरु**,

यस सम्मानित सभामा पेश भई सभाले पारित गरेको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न मद्धत पुग्ने गरी वजेट विनियोजन गरिएको छ ।वडा भेलाबाट माग भै आएका तथा गाउँपालिकाले अति आवस्यक ठानेका योजनाहरु मध्ये स्रोत अभावले वजेट व्यवस्थापन गर्न नसकिएका योजनाहरु थप स्रोत प्राप्त भएमा क्रमश प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिने छ ।गाउँपालिकाबाट आफ्नो स्रोत साधनले नभ्याउने प्रकृतिका योजनाहरु लुम्बिनी प्रदेश सरकार र संघिय सरकारसँग माग गरिने छ।

प्रस्तुत बजेट तर्जुमामा सहयोग गर्नुहुने झिमरुक गाउँपालिकाका अध्यक्षज्यू, निमित्त प्रमुख प्रशासकिय अधिकृतज्यू, राजश्व परामर्श समिति, स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विभिन्न विषयगत समिति, वडाध्यक्षज्यूहरु, वडा समितिहरु, राजनैतिक दलका मित्रहरु, राष्ट्रसेवक कर्मचारीहरु, नागरीक समाज, बुद्धिजिवी, पत्रकार मित्रहरु, सरकारी, गैर सरकारी तथा सामुदायीक संस्थाहरु लगायत सम्पूर्ण झिमरुकबासी जनता, देश विदेशमा रहनु भएका आमावुवा, दाजुभाइ, दिदिवहिनीहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अन्तमा, गाउँपालिकाको विकास र समृद्धिका लागि बजेट स्रोतको सुनिश्चितता गरिदिने संघिय नेपाल सरकार र लुम्बिनी प्रदेश सरकार तथा निरन्तर सद्भाव र सहयोग पुर्याउने आम नागरीक, जनप्रतिनिधि, राजनितिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, करदाता, गाउँपालिकाको हित र समुन्नतीमा कार्यरत सवै विकास साझेदार, सरकारी, गैरसरकारी तथा सामुदायीक संस्थाहरु र संचार जगतप्रति हार्दिक आभार व्यक्त गर्दै बजेटको सफल कार्यान्वयनमा सबैको खुला सहयोगको अपेक्षा गरेको छु ।

धन्यबाद !
प्रमोद पोखेल
उपाध्यक्ष तथा संयोजक
बजेट तथा कार्यक्रम तर्जुमा समिति
झिमरुक गाउँपालिका प्यूठान
मिति २०८०/०३/१०